# उद्योग/व्यवसायमा कार्यरत कामदारहरूको लागि सीप स्तरोन्नती तालिम कार्यक्रम

## सीप स्तरोन्नती तालिम (Skill Upgrading Training, SUT) भनेको के हो ?



उद्योग/व्यवसायमा कार्यरत कामदारहरूका लागि आवश्यक सीपको अन्तर पहिचान गरी उनीहरुलाई सम्बन्धित पेशामा थप सीप प्रदान गरी क्षमता अभिवृद्धि गर्नुलाई सीप स्तरोन्नति भनिन्छ । सीप स्तरोन्नति तालिमको माध्यमबाट उद्योग/व्यवसायमा दैनिक उत्पादन हुने वस्तु/सेवामा तुलनात्मक वृद्धि गर्नुका साथै कार्यरत जनशक्तिलाई आवश्यक सीप तथा नयाँ प्रविधिसँग अभ्यस्त हुनको लागि सहयोग गर्दछ ।

## सीप स्तरोन्नती तालिमको उदेश्य:

समय सापेक्ष उद्योग/व्यवसायको दैनिक उत्पादन प्रक्रियामा आवश्यक पर्ने सीपको आधारमा कार्यरत जनशक्तिको तुलनात्मक क्षमता वृद्धि र श्रम बजारमा आवश्यक सीपको पहिचान गरी उनीहरुलाई सो अनुसार थप सीप प्रदान गर्नु ।



## सीप स्तरोन्नती तालिम कसरी लिन सकिन्छ ?

लुम्बिनी  प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र रुपन्देही उद्योग संघ, रुपन्देही बीच समझदारी भए अनुसार संघमा रहेको सीप विकास इकाई, मार्फत आफ्नो उद्योग सदस्यहरु लगायत अन्य उद्योगका कार्यरत जनशक्तिको सीपको अन्तर पहिचान गरी आवश्यकताको आधारमा सीप स्तरोन्नती तालिम प्रदान गरिन्छ । सो तालिम सञ्चालन गर्दा तालिम प्रशिक्षार्थी वा रोजगारदाताहरुको लागत साझेदारीको प्रावधान समेत राखिएको छ ।

## लाभान्वित वर्ग को हो ?

उद्योग/व्यवसायमा कार्यरत जनशक्ति यस तालिमको प्राथमिक सेवाग्राही हुन् । औद्योगिक प्रशिक्षण/ अभ्यासका लागि अवसर प्रदान गर्ने उद्योग/व्यवसायमा कार्यरत कामदारहरुलाई प्राथमिकीकरण गरी संचालन गरिने हुँदा औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिशीप) तालिम कार्यक्रम प्रभावकारी कार्यान्वयनमा थप सहयोग पुग्ने अपेक्षा राखिएको छ ।

## सीप स्तरोन्नतिको समयावधी:

यो तालिमको समयावधी आवश्यक सीप पहिचान भएको विषयमा निर्भर पर्दछ । सामान्यतय: तालिम अवधि ९६ घण्टाको हुने भएता पनि थप सीप आवश्यकताको आधारमा तालिम अवधि फरक हुन सक्छ ।

## यो तालिमले उद्योग र कार्यरत जनशक्तिलाई के फाइदा हुन्छ ?

यस तालिम मार्फत उद्योगहरूलाई समय सापेक्ष आवश्यक पर्ने दक्ष जनशक्ति आफै तयार गरी उद्योगको दैनिक उत्पादनमा वृद्धि हुनुको साथै बाहिरको जनशक्ति Outsourcing को निर्भरता र लागत घटाउन मद्दत पुर्याउँछ र अर्को तर्फ कार्यरत जनशक्तिको पनि सीप स्तरोन्नति भई दक्ष जनशक्ति हुनुको साथै  दिगो रोजगारी र आम्दानीमा वृद्धि हुने अवसर प्राप्त गर्दछ।



## पाठ्यक्रम तयारी कसरी हुन्छ ?

सीप स्तरोन्नति तालिमको पाठ्यक्रम तयारी गर्दा पेसागत संघ/संगठन, सम्बन्धित उद्योग र विज्ञहरुको संलग्नतामा तयार गरिन्छ। यसरी पाठ्यक्रम तयार गर्दा उद्योगहरुको मागलाई प्राथमिकता दिई तयार गरिन्छ।

## सीप स्तरोन्नती तालिम (Skill Upgrading Training) को लागि हाल उपलब्ध पाठ्यक्रमहरु :

| S.N. | Occupation | S.N. | Occupation |
|---|---|---|---|
| 1. | Electrical Appliances Repairer, 2023 | 30. | Baker, 2023 |
| 2. | Building Electrician, 2021 | 31. | Indian Cuisine Cook,2023 |
| 3. | Industrial Electrician, 2021 | 32. | Chinese Cuisine Cook,2023 |
| 4. | Electrical Motor Re-Winder-Revised,2023 | 33. | Continental Cuisine Cook,2023 |
| 5. | Motorcycle Mechanics, 2021 | 34. | Mobile Phone Repair Technician,2023 |
| 6. | Light Vehicle Engine Mechanic, 2023 | 35. | CCTV Installation Technician,2023 |
| 7. | Light Vehicle Electric Mechanic, 2022 | 36. | LCD/LED TV Repair Technician,2023 |
| 8. | Refrigeration & Air Conditioning Mechanic, 2021 | 37. | Computer Hardware Technician,2023 |
| 9. | Welder, 2023 | 38. | Computer Operator,2023 |
| 10. | Mason, 2023 | 39. | Graphic Designer,2023 |
| 11. | Barista, 2023 | 40. | Computer Network Technician,2023 |
| 12. | Plumber,2021 | 41. | Aluminum Fabricator,2023 |
| 13. | EURO VI (BSVI) Vehicle Technology | 42. | Electrical Appliances Repairer, 2077 |
| 14. | Basic Computerized Numerical Control | 43. | Bar Bender, 2077 |
| 15. | Brick layer Mason, 2077 | 44. | Metal Worker, 2075 |
| 16. | Commercial House Wiring, 2077 | 45. | Motor Rewinding, 2077 |
| 17. | Pump Set Repair Technician, 2077 | 46. | Assistant Metal Worker, 2077 |
| 18. | Food and Beverage Service Provider, 2077 | 47. | Front Office Operator, 2077 |
| 19. | Home Stay Operator, 2077 | 48. | Housekeeper, 2077 |
| 20. | Oriental Cuisine Cook, 2077 | 49. | Ethical Hacking, 2077 |
| 21. | Printer Setup and Maintenance, 2077 | 50. | Chinese & Nepali Cook, 2077 |
| 22. | Front Desk Management, 2077 | 51. | Engine System Management, 2077 |
| 23. | Electrical, Electronics and Fuel System, 2077 | 52. | Hotel Management Refresher Training, 2077 |
| 24. | AC Fitting, 2077 | 53. | Three Phase Wiring, 2077 |
| 25. | Waiter Waitress Management, 2077 | 54. | Variable Frequency Drive |
| 26. | Programming Logical Computer | 55. | Energy Efficiency (Thermal) |
| 27. | Energy Efficiency (Electrical) | 56. | Boiler Operator |
| 28. | Electronics and Instrumentation | 57. | Injection Molding Machine Operator Training |
| 29. | Diesel Generator, Synchronization and Automatic System | 58. | Variable Frequency Drive repair and maintenance |
| 30. | EV Technology | | |

**परियोजनाको परिचय:** दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजना नेपाल सरकार र स्वीस सरकार बीच द्विपक्षीय सम्झौता बमोजिम वि. सं. २०७८ भाद्र २५ गते देखि वि. सं. २०८३ असार ३१ गते (तदनुसार १० सेप्टेम्बेर २०२१ देखि १५ जुलाई २०२६) सम्म दोस्रो चरण संघीय संरचना अनुरुप हेल्भेटास नेपाल (HELVETAS NEPAL) को प्राविधिक सहयोगमा तीनै तहका सरकारद्वारा सञ्चालनमा रहेको छ।

लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र रूपन्देही उद्योग संघ, रूपन्देही बीच प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) क्षेत्रमा निजी क्षेत्रको सक्रिय सहभागिता बढाउनका लागि समझदारी पत्रमा हस्ताक्षर भएको छ। साथै औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रमलाई प्रभावकारी संचालन र नतिजामुखी बनाउनका लागि ENSSURE परियोजना सहयोग इकाई, लुम्बिनी र रूपन्देही उद्योग संघ, रूपन्देही बीच सम्झौता भई सञ्चालन भइरहेको छ। आवश्यकताका आधारमा विभिन्न संघ/संस्था जस्तै तुलसीपुर उद्योग वाणिज्य संघ, दाङ र नेपालगंज उद्योग वाणिज्य संघ, बाँके सँग समेत सम्झौता गरि कार्यक्रम संचालन गरेको छ।

**सम्पर्क:**

ENSSURE
Enhanced Skills for Sustainable and Rewarding Employment

**इन्स्योर परियोजना सहयोग इकाई,**
राप्ती गाउँपालिका (देउखुरी), नेपाल
फोन नम्बर: ०८२-५९०५०५/५९०५०६

प्राविधिक सहयोग:
HELVETAS NEPAL

**रूपन्देही उद्योग संघ**
लुम्बिनी प्रदेश, बुटवल, रुपन्देही
फोन नम्बर: ०७१-५४००४५/५४६०४५